# संस्थागत विद्यालय शिक्षक युनियन (ISTU)

हेटौंडा, मकवानपुर

मिति : २०७७ भदौ १४ गते ।

**प्रेस विज्ञप्ति !**

कोरोना कहरका कारण मुलुकका अन्य क्षेत्रजस्तै शिक्षा क्षेत्र पनि नराम्रोसँग प्रभावित भएको छ । यसप्रति युनियन गम्भीर दुःख व्यक्त गर्दछ । कोरोनाबाट सिर्जित प्रतिकूल अवस्थाका कारण सामुदायिक विद्यालयहरू रेडियो र टिभीका माध्यमबाट शिक्षण सिकाइ अघि बढाउन बाध्य छन् भने प्रायः संस्थागत विद्यालयहरूले वैशाखदेखि नै अनलाइनका माध्यमबाट बहुसङ्ख्यक विद्यार्थीलाई समेटेर नियमित कक्षाहरू सञ्चालन गर्दै अल्पसङ्ख्यक अनलाइनको पहुँचमा नभएका विद्यार्थीलाई समेत सिकाइ सामग्रीलगायत अन्य माध्यमबाट सिकाइ प्रकृयामा सामेल गराउने अभियानमा अग्रसर छन् । यस अभियानमा संस्थागत विद्यालयका शिक्षककर्मचारीको योगदान अतुलनीय एवम् विशिष्ट रहँदै आएको कुरा सर्वविदितै छ ।

यसै सन्दर्भमा २०७७ भदौ १३ गते निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन), जिल्ला कार्यसमिति मकवानपुर र हेटौंडा उपमहानगर समितिद्वारा जारी प्रेस विज्ञप्तिले यस युनियनको गम्भीर ध्यानाकर्षण भएको छ । गत असार ३१ गते प्याब्सन र एन. प्याब्सन केन्द्रले देशभरका संस्थागत विद्यालयका शिक्षककर्मचारीलाई बेतलबी घरबिदामा राखेर अनलाइन कक्षाहरू बन्द गर्ने निर्णय गर्दै गर्दा देशव्यापी रूपमा ISTU आन्दोलित भएको र जसका कारण गलत निर्णय फिर्ता लिन प्याब्सन, एन. प्याब्सन बाध्य भई दुई पक्षबीच राष्ट्रियस्तरमा बेतलबी घरबिदाको निर्णय फिर्ता लिने, २०७६ चैतसम्मको तलब तत्काल भुक्तानी गर्ने र २०७७ वैशाखदेखिको तलब व्यावहारिक रूपमा चुक्ता गर्दै जाने सहमति भएअनुरूप यस जिल्लाको हकमा पनि सहमति कार्यान्वयनको बाटोमा मकवानपुर प्याब्सन गम्भीरताका साथ लाग्ने कुरामा ISTU पूर्ण विश्वस्त रहिरहेको अवस्थामा हिजो जारी विज्ञप्तिले हामीलाई स्तब्ध र आक्रोशित बनाएको छ । एकातिर भदौ महिना बित्नै लाग्दासमेत दर्जन बढी विद्यालयहरूले २०७६ चैत्र मसान्तसम्मको तलब भुक्तानी नगरिरहेको, कतिपय विद्यालयहरूले शिक्षककर्मचारीलाई सेवाबाट निश्कासन गरिरहेको अवस्थाप्रति आवश्यक पहलकदमी नलिई भदौ १५ पछि विद्यार्थी भर्ना तथा शुल्क लिने विषयमा नेपाल सरकारले समेत बाटो खुला गरिसकेको अवस्था रहिरहेको साथै मकवानपुर जिल्लाको सन्दर्भमा प्रायः सबै विद्यालयहरूले अभिभावकलाई पनि राहत हुने गरी कम्तीमा शिक्षककर्मचारीलाई सेवासुविधा दिन पुग्ने न्यूनतम शुल्क लिनेदिने सर्तमा अनलाइन कक्षाहरू सञ्चालित भइरहेको अवस्थामा सञ्चालकहरूको छाता संस्थाले एक्कासि एकतर्फी रूपमा २०७७ भदौदेखि मकवानपुर जिल्लाका संस्थागत विद्यालयका शिक्षककर्मचारीलाई तलब उपलब्ध नगराउने र सेवाभावले काम गर्न शिक्षकर्मचारीलाई आव्हानसहितको विज्ञप्ति सार्वजनिक भएकोमा गम्भीर आपत्ति प्रकट गर्दै आजको मितिले ३ दिनभित्र उक्त गलत निर्णय फिर्ता लिन प्याब्सन जिल्ला तथा नगर समितिसँग युनियन जोडदार माग गर्दछ । साथै, युनियनको तागत परीक्षण गर्ने मनसायले युनियनलाई जिस्काउने तथा चिढ्याउने काम नगर्नसमेत चेतावनी दिँदै तोकिएको समयभित्र निर्णय फिर्ता लिन र छलफल र संवादको माध्यमबाट समस्याको समाधान खोज्न स्थानीय सरकार, जिल्लास्तरीय नियमनकारी निकायका साथै अभिभावक सङ्घ, सङ्गठनसमक्ष युनियन हार्दिक अपिल गर्दछ । अन्यथा, कोभिडको वर्तमान प्रतिकूल अवस्थामा समेत युनियन आन्दोलनको आँधीबेहरी सिर्जना गर्न बाध्य हुने बेहोरा सम्बद्ध सम्पूर्ण सरोकारवालामा जानकारी गराउँदछ ।

**सी. एम. रिमाल**
**(अध्यक्ष)**
**ISTU नगर समिति, हटौंडा**

**सचिन लामा**
**(अध्यक्ष)**
**ISTU जिल्ला समन्वय समिति मकवानपुर**